# हिमालयन पावर पार्टनर लि.
**Himalayan Power Partner Ltd.**
Energy Sector Research, Development & Consulting Services


मिति :२०७९/०९/०३

च.नं. ६२/०७९/०८०

श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड
सिंहदरवार प्लाजा, काठमाण्डौं ।

**विषय : साधारण सभा गर्ने तथा शेयर दर्ता किताब बन्द गर्ने बारेमा**

उपरोक्त सम्बन्धमा यस हिमालयन पावर पार्टनर लिमीटेडको मिति २०७९/०९/०३ गतेका दिन अपरान्ह ३:३० बजे बसेको सञ्चालक समितिको ५४औ बैठकको निर्णयानुसार कम्पनीको दशौं वार्षिक साधारण सभा मिति २०७९/०९/२९ मा गर्ने र सो प्रयोजनको लागि मिति २०७९/०९/१३ गतेका दिन शेयर दाखिला खारेज बन्द ( Book Close ) गर्ने निर्णय गरेकोले निम्न बमोजिम हुने गरी शेयर दाखिला खारेज बन्द ( Book Close ) गर्न गराउन हुन विनम्र अनुरोध गर्दछौं ।

नगद लाभांश प्रतिशत : छैन (N/A)

बोनस शेयर प्रतिशत : छैन (N/A)

हकप्रद शेयर प्रतिशत : छैन (N/A)

शेयर दाखिला खारेज बन्द मिति ( Book Close Date) : २०७९/०९/१३

हालको चुक्ता पुँजी : रु. १,०६,५४,१७,०००

बार्षिक साधारण सभाको मिति : २०७९/०९/२९

भवदीय,

बिनय के.सी.
कम्पनी सचिव

बोधार्थ

१. श्री नेपाल धितोपत्र बोर्ड जावलाखेल, ललितपुर ।

२. श्री कम्पनी रजिष्ट्रारको कार्यलय, त्रिपुरेश्वर, काठमाण्डौं ।

३. श्री सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड, पुतलीसडक, काठमाण्डौं ।

४. श्री ग्लोबल आइएमइ क्यापिटल लिमिटेड, नक्साल, काठमाण्डौं ।

# हिमालयन पावर पार्टनर लिमिटेड
# Himalayan Power Partner Ltd.

पो.ब.नं. १२५३८, महाराजगञ्ज, काठमाडौं, फोनः ९७७-१-४००२८०१, फयाक्सः ९७७-१-४४१४५१७
E-mail: hpphydro@gmail.com, Website: www.hpp.com.np


## दशौं वार्षिक साधारण सभा बस्ने बारेको सूचना

(प्रथम पटक प्रकाशित मिति २०७९/०९/०४ गते)

**श्री आदरणीय शेयरधनीमहानुभावहरु,**

हिमालयन पावर पार्टनर लिमीटेडको मिति २०७९/०९/०३ गतेका दिन बसेको सञ्चालक समितिको ५४औं बैठकको निर्णयानुसार कम्पनीको साधारण सभा निम्नलिखित मिति, स्थान र समयमा निम्न विषयहरु माथी छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ६७ अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ। साधारणसभाका दिन निम्न लिखित मिति, स्थान र समयमा शेयरधनी महानुभावहरुलाई उपस्थितिका लागि हार्दिक अनुरोध गरिन्छ।

**सभाहुने मिति** : २०७९ साल पुष महिना २९ गते शुक्रबार।
**सभाहुने स्थान** : अम्रपाली ब्याक्वेट, भाटभटेनी, काठमाण्डौ।
**सभा शुरु हुने समय** : बिहान ९:०० बजे।

**छलफलका विषयसूचीहरु :**

**क. सामान्य प्रस्तावहरुः**

१. संचालक समितिको आ.व. २०७८/०७९ को वार्षिक प्रतिवेदन पारित गर्ने।
२. वार्षिक आर्थिक विवरण, लेखापरीक्षकको प्रतिवेदन सहितको २०७९ आषाढ मसान्तको वासलात तथा मिति २०७८ श्रावण १ देखि २०७९ आषाढ मसान्त सम्मको नाफा-नोक्सान हिसाब र सोहि अवधिको नगद प्रवाह विवरण सम्बन्धी विषयमा छलफल गरी स्वीकृत गर्ने।
३. आर्थिक वर्ष २०७९/०८० का लागि लेखापरीक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक तोक्ने ।

**ख. विशेष प्रस्तावहरुः**

१. कम्पनीले सामाजिक उत्तरदायित्व अन्तरगत गरेको आर्थिक सहयोग रकम रु.२,१८,६०० लाई अनुमोदन गर्ने सम्बन्धमा।
२. कम्पनीले आफ्नो चुक्ता पूँजी र सञ्चित मुनाफा भन्दा बढी हुने गरी लिएको ऋण अनुमोदन गर्ने सम्बन्धमा।

**ग. विविध**

सञ्चालक समितिको आज्ञाले,
**कम्पनी सचिव**

**साधारण सभा सम्बन्धी थप जानकारी :**

१. साधारण सभा प्रयोजनकालागि कम्पनीको शेयर दाखिल खारेज (शेयर दर्ता किताब) मिति २०७८/०९/१३ गते १ दिन बन्द रहनेछ। दाखिल खारेज (शेयरधनी दर्ता पुस्तिका) बन्द हुनुभन्दा अघिल्लो दिनसम्म अर्थात मिति २०७८/०९/१२ गते सम्ममा नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा कारोबार भई नामसारी भई कायम भएका शेयरधनीहरुले उक्त साधारण सभामा भाग लिन, मतदान गर्न पाउने व्यहोरा अनुरोध छ।
२ कम्पनीको साधारण सभाको सूचना, वार्षिक प्रतिवेदन, वित्तिय विवरण आदि शेयरधनी महानुभावहरुले कम्पनीको वेबसाइट www.hpp.com.np हेर्न र डाउनलोड गर्न सक्नु हुनेछ।
३. कम्पनीको कार्यालय महाराजगञ्ज, काठमाडौंमा ४८ घण्टा अगावै प्रोक्सी दर्ता गराई सक्नु पर्नेछ। यसरी प्रतिनिधि (प्रोक्सी) नियूक्त गरिएको व्यक्ति कम्पनीको शेयरधनी हुन आवश्यक छ।
३. प्रतिनिधि (प्रोक्सी) नियूक्त गरिसक्नु भएको शेयरधनी आफै सभामा उपस्थित भई हाजिरी किताबमा दस्तखत गर्नु भएमा प्रोक्सी दिइएको भए तापनि स्वतः वदर हुनेछ।
४. एकै शेयरधनीले एक भन्दा बढी प्रतिनिधि (प्रोक्सी) नियूक्त गरि प्रोक्सी दिएमा सम्पूर्ण प्रोक्सीहरु स्वतः बदर हुनेछ।
५. नावालक वा विछिप्त शेयरधनीको तर्फबाट कम्पनीको शेयर लागत किताबमा संरक्षकको रुपमा नाम दर्ता भएको व्यक्तिले सभामा भाग लिन वा प्रतिनिधि तोक्न सक्नु हुनेछ।
६ शेयरधनीहरुले व्यक्त गरेका मन्तब्य वा प्रश्नहरुको सम्बन्धमा संचालक समितिको तर्फबाट अध्यक्षज्यूले वा अध्यक्षको अनुमति पाएका व्यक्तिले उत्तर दिइनेछ।
७. सभामा भाग लिने प्रत्येक शेयरवाला महानुभावले सभा हुने स्थानमा उपस्थित भई त्यहाँ रहेको हाजिरी पुस्तिकामा दस्तखत गर्नु पर्नेछ। हाजिरी पुस्तिका बिहान ८ बजेदेखि सभा समय सम्म खुल्ला रहनेछ।
८. साधारणसभा सम्बन्धी थप जानकारीको लागि कम्पनीको रजिर्स्टर्ड कार्यालयको फोन नं. ४००२८०१ मा सम्पर्क राख्नुहुन अनुरोध छ।

Himalayan Power Partner Ltd. HPP Kathmandu

मिति २०७९।९।४ गते बुधबार राष्ट्रिय दैनिकमा प्रकाशित हुने